नेपाल सरकार

# नेपाल कृषि अनुसन्धान परिषद्

## पदपूर्ति समितिको सूचना

सूचना नं. १०/०७३/७४, प्रथम पटक प्रकाशित मिति: २०७३/०७/८

नेपाल कृषि अनुसन्धान परिषद् र अन्तर्गतका कार्यालयहरूमा कार्यरत कर्मचारीहरूलाई नेपाल कृषि अनुसन्धान परिषद्को कर्मचारी प्रशासन विनियम २०५९ को विनियम १९८ बमोजिम कार्य सम्पादन तथा अनुभवको मूल्याङ्कनद्वारा गरिने बढुवा सम्बन्धी विशेष व्यवस्थाबमोजिम हाल कार्यरत पद/तह भन्दा एक तह माथिको पद/तहमा बढुवाको लागि २०७३ आषाढ मसान्तसम्म हाल कार्यरत पद/तहमा तोकिएको न्यूनतम वर्ष स्थायी सेवा अवधि पुरा गरेका र तोकिएको शैक्षिक योग्यता प्राप्त गरेका कर्मचारीहरूबाट यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिन (कार्यालय समय) भित्र तोकिएको दस्तुर यस परिषद्को कृषि विकास बैंक, बैंकिङ्ग कार्यालय, रामशाहपथस्थित चल्ती खाता नं. ०२११०००७०१३२००१२ मा जम्मा गरेको सक्कली बैंक भौचर र आवश्यक कागजातहरूको 1/1 प्रति प्रतिलिपिहरू स्वयम् उम्मेदवारबाट प्रमाणित गरी परिषद्को पदपूर्ति समिति, सिंहदरबारप्लाजा, काठमाडौंमा पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ। म्याद नाघि आएका र रीत नपुगेका दरखास्त उपर कुनै कार्यवाही हुने छैन।